# तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा लिलाम बिक्री सम्वन्धी १५ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति २०७५।०२।२२ कारोबार राष्ट्रिय दैनिक**

यस लुम्बिनी बिकास बैंक लिमिटेडका बिभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६(सोह्रौं) दिन खोलिने हुंदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितोलिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पुर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र धनी विकास बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

**तपसिल**

| ऋणी | धितोको विवरण |
|---|---|
|  **नामः उमेश स्थापित**<br>बाबुः उत्तम रत्न स्थापित<br>बाजेः काजि रत्न स्थापित<br>ठेगानाः सानेपा–२, ललितपुर,<br>ना.प्र.नं. ४३७५४, जि.प्र.का: ललितपुर,<br>मितिः २०६३/०३/०७<br>**कर्जा शिर्षकः हायरपर्चेज.कर्जा**<br>**शाखाः ठमेल** | यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता कायम रहेको निम्न विवरण भएको सवारी साधनः कम्पनी VOLKSWAGEN TOUARAGE<br>मोडेलः 6W6063<br>च्यासिस नं.: WVGZ226LZADO22547,<br>इन्जिन नंः CAS104950<br>दर्ता नं.: BA 8 CHA 2002 |

| ऋणी | धितोको विवरण | ब्यक्तिगत जमानीकर्ता |
|---|---|---|
|  **नामः कौशल मिश्र**<br>बाबुको नामः सुरेन्द्र मिश्र<br>बाजेको नामः बृजनाथ मिश्र<br>ठेगानाः राजदेवी ९, रौतहट<br>ना.प्र.नं. : ४५३४०९जि.प्र.का धनुषा<br>**कर्जा शिर्षक : आवास कर्जा**<br>**शाखाः गौर** | कौशल मिश्रको नाममा मालपोत कार्यालय गौरमा दर्ता कायम भएको रौतहट जिल्ला,गौर न.पा वडा न ७ स्थित कि.न १०७८ क्षेत्रफल ०–०–१० (बिगाहा)घर जग्गा आदि सम्पूर्ण लिगलगापत समेत। |  **१) सबिता कुमारी मिश्र**<br>बाबुः कौशल मिश्र<br>बाजेः सुरेन्द्र मिश्र<br>ठेगानाः राजदेवी– ९, रौतहट<br>ना.प्र.न १९९० जि.प्र.का. रौतहट<br>**२) बीणा मिश्र**<br>बाबुः सुर्यकान्त मिश्र<br>पतिः कौशल मिश्र<br>ठेगानाः राजदेवी–९, रौतहट<br>ना.प्र.न १३७ जि.प्र.का रौतहट |

नोटः बोलपत्र आवेदन फारम यस बैकको शाखा कार्यालयहरुबाट रु ५००/– (पछि फिर्ता नहने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्वन्धि सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन।

पुनश्चः उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन।

**बोलपत्र पेशगर्ने अन्तिम मिति र समयः २०७५ असार ५ गते मंगलबार दिनको ३ बजे सम्म ।**

**बोलपत्र खोलिने मिति र समयः २०७५ असार ६ गते बुधबार दिनको ३ बजे ।**

**बोलपत्र खोलिने स्थानः लुम्बिनी बिकास बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालय ।**


लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय, चौथो तल्ला**
**सनराईज बिज पार्क, डिल्लीबजार, काठमाडौं**
**फोन नं. ०१–४४१३२३४/४४१३२३२**


**(साबिकको भिबोर सोसाइटी डेभलपमेन्ट बैंक लि र लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कं लि एक आपसमा गाभिएर बनेको संस्था)**